कटरिया नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कटहरिया रौतहट

मधेश प्रदेश ,नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।१२।१२**

यस कार्यालयको लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट तपसिल बमोजिमको मालसमान खरिद गरिने भएकोले ईच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीले निम्नानुसारको शर्तको अधिनमा रही नियमानुसारको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनसम्म चालु आ.व.को लागि नवीकरण भएको ईजाजत प्रमाणपत्र, मूल्य अभिबृद्धि कर तथा आ.व. २०७७/७८ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रु.१,०००।०० (पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समयभित्र यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरीद गर्न सकिनेछ ।

२. बिक्री भएको सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित मितिले १६औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, सिलबन्दी दरभाउपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ । दर्ता भएको सिलबन्दी दरभाउपत्र १६औं दिन दिनको २.०० बजे सिलबन्दी दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा वा निजहरुको उपस्थिति नभए पनि कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

३. सिलबन्दी दरभाउपत्र दाताले जमानत वापतको रकम यस कार्यालयको एन.आई.सि.एशिया बैंक लि. कटहरिया स्थित धरौटी खाता नं. **046CA50021849005** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा सिलबन्दी दरभाउपत्र दाखिला हुने अन्तिम मितिबाट ७५ दिनको म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल बैंक जमानत पत्र पेश गर्नु पर्नेछ

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने,र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु सोको भोलीपल्ट हुनेछ ।

५. दररेट भर्दा (भ्याटबाहेकको) अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

६. सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यस सूचनामा उल्लेख नभएका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा बुझ्न सकिनेछ ।

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|
| ०७/०७७/०७.८ | स्यानिटरी प्याड आपूर्ती | ४००००.०० | |
| ०८/०७७/०७.८ | औषधीजन्य मालसमान आपुर्ति | ७८०००.०० | |

प्रमुख प्रशासकीय अधिकृत